# ‘चीनले लिपुलेकलाई यथास्थितिमा राखेको छ’

२०७३ भदौमा चीनका लागि नेपाली राजदूत नियुक्त **लीलामणि पौड्याल** आफ्नो चारवर्षे कार्यकाल पूरा नहुँदै फिर्ता बोलाइएपछि गत चैतमा काठमाडौं आएका हुन् । उनको कार्यकालमा नेपाल र चीनका राष्ट्रपतिले एकअर्का देशको भ्रमण गर्नुका साथै द्विपक्षीय सम्बन्ध विस्तारमा थुप्रै काम भएका छन् । अहिले नेपाली भूराजनीतिक नक्सामा समेटिएको कालापानी-लिपुलेक-लिम्पियाधुरा भूभागका कारण द्विदेशीय (नेपाल-भारत) मात्रै होइन, चीनसहितको त्रिदेशीय सम्बन्धबारे पनि चौतर्फी चासो बढेको छ । यिनै विषयको वरिपरि रहेर पूर्वमुख्य सचिवसमेत रहेका पौड्यालसँग कान्तिपुरका **देवेन्द्र भट्टराईले** गरेको कुराकानी :

**तपाईं राजदूतका रूपमा चीनमा छँदा लिपुलेकसहित चीनसँग समेत सरोकार रहने सीमावर्ती भूभागबारे छलफल हुने गरेको थियो ? नेपाल–चीन सीमासम्बन्धी मुद्दाहरू के–के थिए ?**

यसरी तोकिएरै लिपुलेक भूभाग भनेरै अथवा नेपालको पश्चिम-उत्तरको सिमानाबारे औपचारिक तहमा कुराकानी भएको सम्झना छैन । अरू विषयगत कुराकानीक्रममा यो भूभागबारे अनौपचारिक छलफल हुन्थ्यो तर एजेन्डा तय भएर कुरा भएको थाहा छैन । जस्तो, गत वर्ष डिसेम्बरमा भारत-चीनको सीमासम्बन्धी नयाँदिल्ली वार्तामा नेपालसमेत जोडिने त्रिदेशीय बिन्दुबारे सामान्य रूपमा कुराकानी भएको रहेछ । नेपालले दाबी गरेको कालापानी क्षेत्रको चर्चा सामान्य रूपमा भएको रहेछ । तर, यसो भन्दैमा कुनै मञ्चमार्फत अथवा एजेन्डामा राखेर अहिले उब्जिएको विवादमा चीनलाई संवादमा राखिहाल्नुपर्ने बेला आएजस्तो मलाई लाग्दैन, त्यो बेला भएको छैन ।

**यो सातामात्रै सार्वजनिक भएको नेपालको राजनीतिक र प्रशासनिक नक्साको सन्दर्भमा अब चीनलाई पनि निम्त्याएर त्रिदेशीय नाकाको कुरा गर्नुपर्छ भन्ने बहस हामीकहाँ पनि सुरु भएको छ त ?**

यसरी हतारिएर हुन्नजस्तो लाग्छ । त्रिदेशीय नाकाको कुरा औपचारिक प्रक्रियामा स्वभावतः आइहाल्छ । तर, अहिले नै चीन-भारतसँग बसेर नेपालले त्रिदेशीय नाकाबारे छलफल थाल्ने बेला भएजस्तो लाग्दैन । भारतसँग सीमाको जुन विवाद छ, त्यो नै सुरुमा टुंग्याउनुपर्छ । यो द्विपक्षीय मामिला हो, त्रिपक्षीय किन बनाइरहने ? सीमा विवाद टुंग्याएपछि त्रिदेशीय बिन्दु तय गर्नका लागि त्यतिखेर मात्रै चीनलाई सँगै राखेर कुरा गर्ने हो । अहिले त्यसै त भारतीयहरूले ‘यो मामिला चीनले उक्साएर अगाडि आएको हो’ भनिरहेका छन् । यो घडीमा चीनलाई तान्नु भनेको विवादलाई झन बढाउनु हो । सुगौली सन्धिअनुसार यो भूमि हाम्रो हो भनेर हामीले दाबी गरिरहेका छौं, यो भूमिमाथिको अतिक्रमण भारतबाट भएको छ, चीनबाट होइन । अर्कातिर, सन् २०१५ नोभेम्बरमा बेइजिङमा चिनियाँ राष्ट्रपति र भारतीय प्रधानमन्त्रीको उपस्थितिमा लिपुलेक भएर व्यापार गर्ने समझदारी भएपछि नेपालले तत्कालै जनाएको ‘आपत्ति’ पछि चीनले यो भूमिमा कुनै गतिविधि नबढाएको अवस्था छ । जबकि त्यसबेला नेपालले भारत र चीनलाई एकसाथ ‘प्रोटेस्ट नोट’ पठाउँदा भारतले भने त्यही भूभागमा आफ्ना गतिविधि निरन्तर जारी राख्यो । नेपालको संवेदनशीलतालाई बेवास्ता गरेको भारतले हो, चीनले होइन । यो मामिलामा बसेर कुरा गरौं भनेर दोहोर्‍याउँदै आग्रह गर्दा पनि कुरा गर्न नचाहेको भारतले हो । वार्ता गर्न तयार छौं, वार्ता गरौं भनिरहेका बेला त्यही हाम्रो भूमिमा कहिले सडक निर्माण, कहिले अरू गतिविधि सुचारु रहेको अवस्था कस्तो हो ? यसकारण पनि अबको वार्तामा चीन आइरहनुको अर्थै रहन्न ।

**यो असहज अवस्थामा अब अगाडि बढ्ने उपाय के देख्नुभएको छ ?**

वार्ता, वार्ता र वार्ता । हामीसँग भएको, हामीले दाबी गरेअनुसारका प्रमाणहरू साथमा लिएर हामीले वार्ताको टेबलमा बस्नैपर्ने हुन्छ । भारतले पनि सबै छिमेकीसँग असल सम्बन्ध, शान्ति सुव्यवस्था कायम राखिराख्नका लागि उसले पनि सत्य-प्रमाणले जे भेटिन्छ, त्यो स्विकार्नैपर्छ । यदि केही छ भने भारतले देखाउने प्रमाण र वैज्ञानिक आधार हामीले पनि स्विकार्नैपर्छ । सार्वभौमिकता भनेको सानोठूलो समान हो । सबै सानाठूला छिमेकीको सार्वभौमिकताको सम्मान भारतले गर्नुपर्छ । त्यसपछि मात्रै सम्बन्धको सौहाद्रता अघि बढ्न सक्छ । एकपक्षीय सौहाद्रता कहींकतै पनि स्वीकार्य हुन्न । हामीले भन्ने, ‘कन्भिन्स’ गर्ने कुरा यही हो कि जेजस्तो तथ्यप्रमाण छ, दुवैले साथमा लिएर टेबल वार्तामा बसौं । प्रमाणले देखिएको कुरालाई दुवै पक्षले स्विकार्नैपर्छ, हठ र दम्भ नलिईकन । यो विवाद र अन्तरद्वन्द्व कायमै रहेमा स्वभावतः भारतसँग नेपाल अलि बढी निर्भर रहेकाले हामीलाई केही नोक्सानी हुन सक्छ, तर ‘नेवरहुड फस्ट’ भन्ने नारा लिएर हिँडिरहेको भारतलाई पनि यो हठले फाइदा गर्दैन । त्यसबाहेक, नेपालमा भारतविरोधी भावना बढ्यो भनेर चिन्ता र सरोकार लिएर हिँडिरहने पक्षले थाहा पाउनुपर्छ, विरोधी भावना किन बढेको रहेछ भनेर । गुनासो गरिरहने अनि कारण नखोज्ने ? कारण खोजेर, कारणको जरामा



पुगेर सम्बोधन गर्ने भनेको अहिले उब्जिएको स्थितिजस्तै हो । वास्तवमा यो भारतका लागि समेत एउटा अवसर हो । तर, नेपालको राजनीतिक शक्ति, नेतृत्वलाई चलाएर अथवा खेलाएर हामीचाहिँ आफ्नो रबैया धानिरहन्छौं भन्ने हो भने भारतविरोधी गतिविधिलाई मलजल दिइरहेको पुष्टि हुनेछ । हामीले पनि विषयवस्तुलाई अनावश्यक रूपमा विवादमा ल्याउने र चर्का नारा बनाउने काम गर्नुभएन, समस्यामा शान्तिपूर्ण समाधान खोज्ने पाटोमा हामी पनि लाग्नुपर्छ ।

**२०१५ नोभेम्बरमा बेइजिङमा सम्पन्न लिपुलेक नाका समझदारीपछि नेपालले चीन र भारतलाई ‘प्रोटेस्ट नोट’ पठाएपछि चीनको प्रतिक्रिया के रह्यो ?**

मिडियामा आएजस्तो नेपालले पठाएको ‘प्रोटेस्ट नोट’ पछि चीनले लिपुलेक विषयमा कहींकतै त्रुटि भए सच्याउन तयार भनेर नेपाललाई औपचारिक रूपमा सूचना दिएजस्तो मलाई लाग्दैन । तर, यसभन्दा महत्त्वपूर्ण कुरा के भने नेपालले आफ्नो भूमिबारेको अपनत्व जनाएर ‘नोट’ लेखेपछि चीनले भने त्यो भूभागमा कुनै गतिविधि जारी राखेन । यसबाट चीनले तत्कालै नेपालको संवेदनशीलता बुझ्न सकेको वा चाहेको देखिन्छ । चिनियाँ पक्षको यो हाम्रो भूभागमा कुनै गतिविधि नरहेको अवस्थामा हाम्रो गुनासो पनि स्वभावतः थिएन, छैन ।

यो लिपुलेकलाई व्यापार र धार्मिक पर्यटनको बिन्दु बनाउने भनेर चीन-भारतको सन् १९५४ मा सम्पन्न ‘तिब्बत सन्धि’ मै उल्लेख गरिएको रहेछ । यो चीन र भारतसँग हाम्रो सिमानाको कुरा नटुंगिँदैको कुरा हो । त्यही सन्धिलाई समातेर सन् २०१५ मा बेइजिङमा लिपुलेक समझदारी बनेको रहेछ । यसबारे नेपालको ‘प्रोटेस्ट नोट’ गएपछि चीनले यो भूभागलाई ‘स्ट्याटस-को’ (यथास्थिति) मा राखिसकेको छ, यो चिनियाँ बुझाइलाई पनि उत्तिकै अर्थपूर्ण ढंगले हेर्नुपर्छ । चीनले ‘स्टचाटस-को पोजिसन’ लाई हटाएको छैन, उसलाई थाहा छ– यो नेपाल-भारतले मिलाउनुपर्ने विषय हो । चीनले तत्कालै स्टचाटस-को हेरफेर गर्‍यो भने मात्रै हामीले चीनलाई भन्नुपर्ने हुन्छ, नत्र अहिले कुनै अर्थमा पनि लिपुलेक मामिलामा चीनलाई तान्न मिल्दैन । मूलतः दुई देशबीच सीमा विवाद भएपछि कुनै तेस्रो मुलुकले ‘यो फलानाको जमिन हो अथवा होइन’ भनेर बहसपैरवी गरिदिने प्रचलन संसारमै कतै भएजस्तो मलाई लाग्दैन । पछि द्विदेशीय मामिला टुंगिएर त्रिदेशीय बिन्दुको कुरा आएपछि मात्रै नेपाल-भारत-चीन एउटै टेबलमा बस्ने अवस्था आउँछ ।

**अहिलेसम्म भारतको सडक निर्माण नेपालको अतिक्रमित भूभागमा मात्रै भइरहेको छ, यो चिनियाँ सीमावर्ती बिन्दुसम्म पुगेको छैन । त्यो सडक चीनको मानसरोवरसम्म पुर्‍याउने भनेर खनिएका कारण आफ्नो भूभागबारे नेपालले चीनलाई तत्काल सरोकार राखेर केही भन्न मिल्दैन र ?**

हो, चिनियाँबाट हामीले अपेक्षा गर्ने कुरै यही हो । वास्तवमा भारतले आफ्नो ‘स्टचाटस-को’ परिवर्तन नगरेको भए यो विवाद आउने नै थिएन । भारतले आफ्नो राजनीतिक नक्सा फेरेर कालापानी-लिपुलेकबारेको सहमति र ‘स्टचाटस-को’ लाई बदल्न चाहेको देखिन्छ । उसले राजनीतिक नक्सा फेरेलगत्तै हामीले ‘डिप्लोमेटिक नोट’ पठाएका हौं, वार्ताका लागि आह्वान गरेका हौं । तर, एक प्रकारले भारतीय बलमिच्याइँ जारी रह्यो । यो त नेपालले दाबी गरिरहेको भूमिमाथि भइरहेको बलमिच्याइँ हो । अहिले यो सडक निर्माणको काम चिनियाँ सीमाबिन्दुसम्म पनि पुगिसकेको छैन भन्ने थाहा भएको छ । अब तत्कालै भारतले यो काम जहाँ पुगेको छ, त्यहींबाट रोक्नुपर्ने देखिन्छ– विवाद सल्टाउने र आपसी वार्ता-संवादबाट समाधान खोज्ने हो भने । तर, भारतले यसैगरी जबरजस्ती गरिरहन्छ भने चीनले यो कुरालाई ‘एक्सेज’ दिनु हुँदैन । यदि चीनले एक्सेज दियो भने सम्झनुपर्छ, भारतको बलमिच्याइँमा चीनको पनि समर्थन र सहयोग रहेछ । यसरी पूर्वानुमानमा कुरा नगरी भन्नुपर्दा, तत्काल समाधानको बाटो भनेको नेपाल-भारत संवाद नै हो, प्राथमिकतासाथको संवाद हो ।

**चीन–भारत सम्बन्धको आयाम दुई देशका प्रमुख कार्यकारीबीचको वुहान (२०१८) र चेन्नाई (२०१९) को भेटवार्ता हुँदै अर्कै चरणमा पुगिसकेको र यही कारण अब यी देशसँग जोडिने हरेक मामिला यसैगरी उच्चस्तरीय तहबाट मात्रै सुल्झन सक्ने एकथरी अध्येताको आकलन छ नि ?**

त्यसो होइन होला । यी दुवै वुहान र चेन्नाईका वार्ताहरूमा प्रत्यक्ष-परोक्ष चीन-भारतका आपसी विषयहरू मात्रै कुराकानीमा आएको थियो भन्नेबारे मैले सूचना पाएको थिएँ । नेपाल-भारतका समस्या, सीमा विवाद वा हाम्रो व्यापार प्रवर्द्धनका कुराहरू कहींकतै उठेका थिएनन् । त्यसबेला चर्चामा आएको ‘टु प्लस वान’ सहयोग रणनीतिको कुरामा पनि भारत-चीनमा ‘प्लस’ गरिएको अफगानिस्तान थियो, नेपाल थिएन । नेपालसँग जोडिएका मामिलाहरूमा चीनको सल्लाह/सहमति लिएर मात्रै भारतले काम गरिरहेको छ भन्ने बुझाइ गलत हो । अहिलेकै कुरामा पनि ‘चीनले उक्साएर नेपालले भारतको विरोध गरिरहेको’ भन्ने भनाइ पनि चीन-भारत साझेदारीको बुझाइलाई खण्डन गर्ने खालको छ ।

**यति कुरा भइरहँदा सन् २०१५ को बेइजिङमा सम्पन्न लिपुलेक समझदारीताका के चीनलाई यो नेपाली भूमिबारे थाहा थिएन होला र ?**

त्यो त पक्कै थाहा थियो होला । के-कुन प्रबन्धमा तत्काल समझदारी भएको थियो, म भन्न सक्दिनँ । तर, उक्त समझदारीलगत्तै र हामीले पठाएको ‘प्रोटेस्ट नोट’ पछि चीनले तत्कालै यो भूभागलाई ‘स्टचाटस-को पोजिसन’ मा राख्यो । यसको अर्थ, यो नेपालको दाबीको भूभागबारे चीन जानकार छ ।

**चीनसँग नेपालका थाती रहेका सीमा समस्या के-कति छन् ? सन् २००५ यता नेपाल–चीन सीमासम्बन्धी बैठकहरू बस्न नसकेको देखिन्छ नि ?**

हो, एउटा ५७ नम्बरको स्तम्भको विषयलाई लिएर द्विदेशीय ‘माइन्युट’ मा हस्ताक्षर हुन सकेको छैन । हरेक १० वर्षमा हुने संयुक्त सीमा निरीक्षण टोलीको कार्यक्षेत्रमा यो विषय पर्छ । दोलखा जिल्लाको विकटवर्ती अनकन्टार भूभागमा पर्ने ५७ नम्बर पिलर नभेटिएपछि एउटा ‘आर्टिफिसियल लाइन’ बनाइएको थियो, सन् १९८७ तिर । पिलर नम्बर ५६ र ५८ बीचको भूभागमा अनुमानित रेखा बनाएर त्यसबेला माइन्युट तयार गरिएको थियो । र, सहमति बुँदामा भनिएको थियो– यो ५७ नम्बर पिलर भेटिएको अवस्थामा भेटिएबमोजिम हुनेछ । अहिले नेपालभित्र (झन्डै ६० वर्गमिटर नेपाली भूभागभित्र) यो पिलर भेटिएको छ, एउटा प्राकृतिक चट्टानमा कुँदिएको सीमांकनका रूपमा । अब यही प्रमाणअनुसार माइन्युटमा सहमति हुने कुरामा आ-आफ्नो अडानमा बहस भइरहेको छ । यसबाहेक सिमानाका कुरामा नेपाल-चीनबीच नसुल्झिएको मामिला केही पनि छैन ।


नेपाल सरकार
भौतिक पर्वाधार तथा यातायात मन्त्रालय
**सडक विभाग**
**सर्यविनायक-धुलिखेल, धुलिखेल-सिन्धुली-बर्दिबास सडक आयोजना**
मिनभवन, काठमाडौं

**बालपत्र स्वीकृत गर्ने आशयको सूचना**

सचना प्रकाशन मिति २०७७/०२/११

चालु आ.व. २०७६/०७७ मा यस कार्यालय अन्तर्गत तपशील बमोजिमको ठेक्काहरुमा तपशील बमोजिमका बोलपत्रदाताहरुको बोलपत्र छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७, उपदफा २ को प्रयोजनार्थ उक्त बोलपत्रसँग सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपशील**

| सि.नं. | ठेक्का नं. | छनौट भएका बोलपत्रदाताको नाम | कबोल रकम रु.(म.अ.कर बाहेक) |
|---|---|---|---|
| 1 | **SDSBR-3370110242076/77-026** | Shailendra and Sons Construction | 60,34,246.20 |
| 2 | **SDSBR-3370110242076/77-029** | Shailendra and Sons Construction | 75,64,673.00 |

**आयोजना प्रमुख**


# जतिसक्दो छिटो संवाद अपरिहार्य

## टिप्पणी

**सुरेशराज न्यौपाने** (नयाँदिल्ली)

दुई साताअघि भारतीय सेना प्रमुख मनोज मुकुन्द नरवणेले चीनतर्फ संकेत गर्दै ‘सीमा सम्बन्धमा नेपालले अरू कसैको इसारामा विरोध गरिरहेको’ अभिव्यक्ति दिएपछि चिसिएको नेपाल-भारत सम्बन्धको आयाममा शनिबार दिल्ली संस्करणमा प्रकाशित प्रमुख अंग्रेजी पत्रपत्रिकाले दुई देशबीच संवादको अपरिहार्यता झल्काएर नयाँ प्राण भरिदिएका छन् ।

‘नेपाल र भारतबीचको सम्बन्ध ऐतिहासिक र गहिरो छ, दुई देशबीचको सम्बन्ध त्यसबेला प्रगाढ हुन्छ, जब दिल्ली नेपाललाई सुरक्षा र चीनको आँखाबाट हेर्न छाड्छ अनि मात्रै दुवै देशको सम्बन्ध परस्परमा लाभप्रद हुन्छ,’ शनिबार प्रकाशित द इन्डियन एक्सप्रेसको सम्पादकीयमा उल्लेख छ । जसको शीर्षक छ- दिल्लीले हात अगाडि बढाउनुपर्‍यो ।

विगतमा जस्तै प्रोपोगन्डाको धराप थाप्ने परम्परालाई भारतीय संस्थापनले यसपटक पनि निरन्तरता दियो । नेपालको राजनीतिक नेतृत्वमाथि दबाब सिर्जना गर्न मिडिया प्रोपोगन्डा गर्नु दिल्लीको पुरानै तरिका हो । केही भारतीय सञ्चार माध्यमलाई त्यो प्रयोजनका लागि उपयोग गरियो । उनीहरूले सेना प्रमुखले चीनलाई लक्षित गरेर दिएको अभिव्यक्तिमा टेकेर प्रधानमन्त्री ओलीले संसद्मा दिएको मन्तव्यलाई विवादमा तान्ने प्रयास गरे ।

नेपालको राजनीतिमा आफ्नो भूमिका खुम्चिँदै गएको र त्यसविपरीत चीनले भने आफ्नो भूमिका बढाउँदै लगेको बुझाइ दिल्लीको एउटा तप्कामा छ । अघिल्लो महिना नेपालभित्र चर्किएको द्वन्द्व तत्कालका लागि सुरक्षित अवतरण भएको र त्यसका पछाडि चिनियाँ राजदूतको भूमिका रहेको भन्ने सूचनाहरूले दिल्लीलाई थप विचलित पारेको थियो । नेकपाभित्र चर्किएको द्वन्द्वले कि त सत्ता समीकरण नै फेरिने, नभए पनि कम्तीमा प्रधानमन्त्री ओलीलाई एक हदसम्म ‘खुम्चाउँछ’ भन्नेमा दिल्ली विश्वस्त थियो । तर घटनाक्रम उसले सोचेभन्दा विपरीत हिसाबले विकास भयो ।

त्यतिबेला पनि भारतीय सञ्चार माध्यमले नेपालमा चीनको भूमिकालाई निकै जोडतोडका साथ उठाएका थिए । सेना प्रमुखको अभिव्यक्ति र मिडियामार्फत गरिएका पछिल्ला प्रोपोगन्डा त्यही भएर पनि प्रधानमन्त्री ओली र चीनबीचको सम्बन्धप्रति लक्षित छन् । जबकि सन् २०१५ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको चीन भ्रमणका क्रममा लिपुलेक भन्ज्याङलाई दुई देशबीचको व्यापारिक नाकाका रूपमा विकसित गर्ने गरी भएको समझदारी कसैबाट लुकेको थिएन ।

सीमा विवाद चर्किँदै गएर निकट छिमेकीसँगको सम्बन्ध थप बिग्रनु दूर भविष्यमा शक्ति राष्ट्र बन्ने आकांक्षा पालेको भारतका लागि नै हितकर छैन । त्यसमाथि केही वर्षयता छिमेकीहरूसँगको सम्बन्धलाई लिएर भारत दबाबमा रहँदै आएको छ । भुटानलाई छाड्ने हो भने सार्क क्षेत्रका अन्य मुलुकसँगको सम्बन्ध उतारचढावपूर्ण देखिएको छ । पाकिस्तानसँगको सम्बन्ध त कटुतापूर्ण छ ।

श्रीलंकाको कुरा गर्दा महिन्द्रा राजापाक्षेको पुनरागमनबाट दिल्लीले केही राहत महसुस गरे पनि अझै ढुक्क हुने अवस्था छैन । प्रधानमन्त्री हसिना वाजेदको आडभरोसाका कारण बंगलादेशसँग सम्बन्ध केही सहज देखिएको छ । तर घरेलु राजनीतिमा वाजेद आफैं दिन प्रतिदिन विवादित बन्दै गएको र चीनको बढ्दो आर्थिक र व्यापारिक हिस्सेदारीले भारतलाई बंगलादेशसँगको सम्बन्ध सहज बनाइराख्न निकै चुनौतीपूर्ण छ ।

नेपालसँगको सम्बन्ध त झन् भन्नै परेन । सन् २०१४ लाई छाड्ने हो भने दिल्ली र काठमाडौंबीचको सम्बन्धमाथि विश्वासको संकट कायमै रह्यो । गत कात्तिकदेखि त त्यो झनै गहिरिएको छ । चीनसँगको सम्बन्ध पनि अपेक्षाकृत हिसाबमा सहज बन्न सकेको छैन ।

नरेन्द्र मोदीको अघिल्लो कार्यकालदेखि नै भारतले अंगीकार गरेको अमेरिकालगायत पश्चिमा मुलुकसँग सम्बन्ध विस्तारको नीतिले चीनलाई सशंकित बनाउँदै लगेको थियो । चीनले यसलाई पश्चिमा मुलुकको आफूलाई घेर्ने रणनीतिका रूपमा बुझ्दै आएको छ । इन्डो-प्यासिफिक रणनीति (आईपीएस) कार्यान्वयनका लागि अमेरिका र भारतबीचको दीर्घकालीन साझेदारीले चीनलाई थप झस्काएको छ ।

निकट छिमेकीको सवालमा मात्र नभएर विसंगत केही वर्षयता अन्तर्राष्ट्रिय मञ्चहरूमा समेत भारतले दबाब

> सीमा विवाद चर्किँदै गएर निकट छिमेकीसँगको सम्बन्ध थप बिग्रनु दूर भविष्यमा शक्ति राष्ट्र बन्ने आकांक्षा पालेको भारतका लागि नै हितकर छैन

झेल्दै आएको छ । जम्मु-कश्मीरको स्वायत्तता खारेजीदेखि नागरिकता संशोधन विधेयक (एनएसी), राष्ट्रिय नागरिकता पञ्जीकरण (एनआरसी) निर्णय र त्यसका कारण भएका दिल्ली दंगालगायत घटनाक्रमको पृष्ठभूमिमा राज्यतर्फबाट एउटा समुदायविशेष लक्षित गर्दै भएका व्यवहारले अन्तर्राष्ट्रिय रूपमै भारतलाई रक्षात्मक अवस्थामा पुर्‍याएको थियो । यसकारण पनि भारतीय संस्थापनले चाहेर पनि नेपालसँग लामो समय संवादहीनता राख्न सक्दैन ।

अर्कातिर ‘संवादहीनता’ को यो स्थिति सधैं नरहोस् भनेर नेपालले पनि भरमग्दुर प्रयास गरिरहेकै छ । गत साता भारतीय राजदूत विनयमोहन क्वात्रालाई ‘कूटनीतिक नोट’ थमाएपछिको अर्को चरणमा परराष्ट्र सचिव शंकर बैरागीले बिहीबार अपराह्न मात्रै राजदूत क्वात्रालाई परराष्ट्र मन्त्रालयमा बोलाएर भेटवार्ता गरेका थिए ।

उत्पन्न सीमा समस्याबारेमा वार्ता र संवादका लागि नेपाल सरकार तत्पर रहेको र यो विषय प्राथमिकतामा रहेको भन्दै बैरागीले दिल्लीसम्म यो सन्देश तदारुकतासाथ पुर्‍याउन आग्रह गरेका थिए । ‘तर साउथ ब्लकको सुनुवाइमा नेपाली अनुरोध पुग्न सकेको छैन,’ दिल्लीस्थित एक कूटनीतिक अधिकारीले भने, ‘नेपाली दूतावासका तर्फबाट पनि बिहीबारदेखि भेटवार्ताका लागि विदेश मन्त्रालयमा समन्वय भइरहेको छ तर भेटवार्ताको समय टुंगो भइसकेको छैन ।’


**Re-Invitation for Bids**

Shadananda Municipality
Office of Municipal Executive
Dingla, Bhojpur
Province no. 1
Date of publication:2077/02/11

1. **Shadananda Municipality** invites bids for procurement of electric goods given in table below under national competitiv ebidding.

| S.N. | Contract No. | Description of work | Bid Security amount (NPR) | Bid validity period | Cost Of Bid Document (NRS) | Estimated Amount without VAT (NRs) |
|---|---|---|---|---|---|---|
| 1. | Shad/ G/NCB/04/076/77 | Supply of Electrical goods for ward no:1, 2 & 13. | 183000 | 90days | 3000.00 | 6,617,015.99 |

2. Eligible Bidders may obtain further information from Office of Shadananda Municipality, Dingla Bhojpur, Telephone number: 029-421125 email id : shadanandanagarpalika@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder have only the option to submit their bid electronically may down load the bidding documentf or e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders submitting thier bid electronically, should deposit the cost of bidding document as specified below :
Name of Bank :**Rastriya Banijya Bank**, Dingla, Bhojpur
Name of Office :**Shadananda Municipality**
Office Account No.: **22900301010002**
4. Last date of bid purchase 15th days of bid publication in office time.
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00PM of 15th day of notice publication. Bids received after this deadline will be rejected.
6. The bids will be opened in presence of bidders representatives who choose to attend at 2:00 PM of 15th day of notice publication at the office of Shadananda Municipality, Dingla Bhojpur. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of bid security in. pdf format in case of e-bid, amounting to Rs. mentioned above bid security
Name of Bank :**Rastriya Banijya Bank**, Dingla, Bhojpur
Name of Office :**Shadananda Municipality**
Office Account No.: **22900303000002**
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as last date. In such case the validity period of bid security shall remain the same as specified for the original last date of bid submission.
8. Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning whatsoever.
9. Matters not covered by this notice shall be in accordance with Public Procurement Act 2063 and Public Procurement Regulation 2064 and other prevailing rules and regulations of Nepal.

Chief Administrative Officer